**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०२ फरवरी २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- राज्यको मुख्यमंत्री ममता ब्यानर्जीले चुनाउ आयुक्तले आफुसित दुर्व्यवहार गरेको आरोपको चुनाउ आयोगले खण्डन गरेको छ।

- प्रवर्तन निदेशालयले आज बिहान राज्यको पश्चिम बर्धमान जिलाका धेरै स्थानहरुमा एकै साथै छापेमारी गरेको छ।

- परम गुरु दलाई लामाले ग्रामी पुरस्कार जित्नु भएकोमा विश्व भरीका साथै दार्जीलिङ्ग पहाड़का अनुयायीहरुले हर्ष व्यक्त गरिरहेका छन्।

- सिलगड़ी नगर निगमको पहलमा शहरका दुइ क्षेत्रको नयाँ नामकरण आज गरिएको छ।

- इन्द्रबहादुर राई साहित्य प्रतिष्ठानको पाँचौं स्थापना दिवस तथा ९३औं इन्द्रबहादुर राई जन्म जयन्तीको अवसरमा दोस्रो इबरा साहित्यिक पुरस्कार वितरण समारोह – २०२६ आज मिरिकमा सम्पन्न भएको छ।

**ममता चुनाव आयोग**

भारतीय निर्वाचन आयोगले ममता बनर्जीको त्यस आरोपलाई खारेज गरिदिएको छ जसमा उहाँले नयाँ दिल्ली चुनाव भवनमा समय लिएर गए पछि मुख्य चुनाव आयुक्तले आफूसित उचित व्यवहार नगरेको आरोफ लगाउनु भएको थियो। स्रोतहरूले जानकारी दिए अनुसार मुख्य चुनाव आयुक्त श्री ज्ञानेश कुमारले सुश्री ममता ब्यानर्जी र उनको प्रतिनिधि मण्डललाई स्पष्ट रूपमा भन्नु भयो कि मतदाता सूचि गहन पुनरीक्षण कानून बमोजिम हुन्दै छ र कानूनको राज कायम राख्ने सबैको जिम्मेवारी हो। मुख्य चुनाव आयुक्तले स्पष्टरूपमा भन्नु भयो कि एसआईआर प्रक्रिया चलाकालीन कानूनलाई आफ्नो हातमा लिने जो कोही विरुद्ध कडा कारबाही गरिनेछ। टीएमसी नेताहरूले सीईसी र अधिकारीहरूलाई दुर्व्यवहार गरेको र धम्की दिएका घटनाहरू प्रसस्त रूपमा मीजियामा आइरहेको छन्। एसआईआरमा काम गर्ने अधिकारीहरूमाथि आक्रमण गरिन्दैछ, र ईआरओ कार्यालयहरूमा तोडफोड गरिएको छ। प्रतिवेदन अनुसार, आयोगले BLO हरूलाई समयमै भुक्तानी नपाएको र कर्मचारी अभावको मुद्दा पनि उठाएको छ, र उनीहरूलाई स्वीकृत ₹१८,००० को तुलनामा केवल ₹७,००० मात्र भुक्तानी गरिएको बताएको छ। यद्यपि, ममता बनर्जीले SIR रोक्न माग गरेकी छन् र सर्वोच्च अदालतमा याचिका पनि दायर गरेकी छिन्। यो विवादले बंगालमा आगामी चुनाव अघि राजनीतिलाई तत्याएकोछ। TMC ले यसलाई मतदाता सूचीमा हेरफेर गर्ने नीयतले गरिन्दै छ भनि बताएको छ भने चुनाव आयोगले देशकौ सम्विधान तथा कानूनी प्रक्रिया बमोजिम एसआईआर भइरहेको बताएको छ। ममता बनर्जीले बंगालमा विशेष गहन संशोधन (SIR) बाट लाखौं मानिसहरूको नाम हटाइएको बारेमा मुख्य निर्वाचन आयुक्तले झूट बोलेको आरोप लगाएकी छिन्। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारसँगको लगभग ९० मिनेटको बैठकपछि उहाँले निर्वाचन आयोगले आफूलाई झूट बोलेको र असभ्य व्यवहार गरेको बताएकी थिन जसलाई चुनाव आयोगले खारेज गर्दै मुख्यमंत्रीले टेबल ठड्याएको र टेबल ठट्याएको आरोप लागाएको छ।। बैठकबाट बाहिर निस्कँदै ममताले भनिन्, "यो निर्वाचन आयोग होइन, तर भाजपाको एजेन्ट हो। हामीलाई अपमान भएको महसुस हुन्छ।" ममता बनर्जीले सोमबार ठूलो तृणमूल प्रतिनिधिमण्डलसहित प्रमुख निर्वाचन आयुक्तलाई भेट्नु भएको थियो। उहाँको साथमा अभिषेक बनर्जी, कल्याण बनर्जी र विशेष गहन संशोधन (SIR) प्रक्रियामा नाम हटाइएका १२ परिवारहरू थिए। यी परिवारहरूले कालो लुगा लगाएर विरोध प्रदर्शनमा भाग लिएका थिए। धेरैले मृत घोषित भएपछि आफ्नो नाम हटाइएको प्रमाणित गर्ने प्रयास गरे, तर तिनीहरू अझै जीवित छन्।

**संशो पश्चिम बंगाल-प्रवर्तन निदेशालय छापे**

प्रवर्तन निदेशालय-ईडीले आज बिहान पश्चिम बर्धमान जिलाका धेरै स्थानहरुमा एकै साथै छापेमारी गरेको छ। केंद्रीय अर्धसैनिक बलहरुका दलको साथ, ईडी अधिकारीहरुले पांडवेश्वर, जमुड़िया, अंडाल, दुर्गापुर अनि पानागढ़ मा व्यापक जाँच अभियान चलाए। यस कार्यवाहीमा प्रमुख व्यापारीहरु अनि एक पुलिस अधिकारीको आवासमा जाँच गरिएको छ। दुर्गापुरको सिटी सेंटर क्षेत्रमा, बुदबुद पुलिस स्टेशनका वर्तमान प्रभारी अधिकारी मनोरंजन मंडलको घरमा छापामारी गरियो, जसलाई यस अघि बाराबोनीको प्रभारी अधिकारीको रूपमा आफ्नो कार्यकालको अवधि निलंबित गरिसकिएको थियो। साथै, सेपको टाउनशिपमा बलुवा व्यापारी प्रबीर दत्ताको आवासमा जाँच गरियो, जबकि जमुड़ियामा ईडीका 16 सदस्यीय टीम हार्डवेयर व्यापारी राजेश बंसलसित सोधपूछ गरियो। पांडवेश्वरको नबग्राममा, कोयला व्यापारी मैजुल शाहको घरमा पनि जांच गरियो। यद्धपी ईडीले यी छापामारीको विशिष्ट कारण बारे मा कुनै आधिकारिक बयान जारी गरिएको छैन। सूत्र अनुसार यो अभियान क्षेत्रीय कोयला अनि बलुवा व्यापारसित जुड़ेको वित्तीय अनियमितताहरु अनि मनी लॉन्ड्रिंगको जांचसित सम्बन्धित रहेको छ। सूत्रले छापेमारीको अवधि एक व्यवसायीको आवासबाट कथित रुपमा लाखौ रुपियाँको नकद राशि जफ्त गरिएको पनि बताएको छ।

**श्रृंगला-अमरीका व्यापार समझौता**

राज्यसभा सांसद तथा पूर्व विदेश सचिव हर्षवर्धन श्रृंगलाले भारत-अमेरिका व्यापार सम्झौताको स्वागत गर्दै यसलाई ऐतिहासिक बताउनु भएको छ।

संसद बाहिर आकाशवाणी समाचारसितको कुराकानीमा श्री श्रृंगलाले भन्नुभयो 18 प्रतिशत बजार पहुंच दरका साथ भारत आफ्ना सबै प्रतिस्पर्धिहरु चीन वियतनाम, इंडोनेशिया, बंगलादेश र पाकिस्तान भन्दा राम्रो स्थितिमा छ।उहाँले यो सम्झौता देशका लघु तथा मध्यम उद्यम, किसान, श्रमिक, श्रम-प्रधान उद्यम र देशभरिका मानिसहरुका लागि धेरै लाभदायक रहेको बताउनुभयो।

**अवार्ड**

९० वर्षीय तिब्बती धर्मगुरू दलाई लामाले प्रतिष्ठित 'ग्रामी अवार्ड ' जितेकोमा विश्वभरिका उहाँका अनुयायी प्रशसंक लागायत दार्जीलिङ पहाड़मा पनि खुशीको माहौल छाएको छ। अमेरिकाको न्युयोर्कमा आयोजित ६८ औ ग्रामी अवार्डमा उहाँले आफ्नो अडियो एल्बम ' स्पोकन वर्ड मेडिटेशन्स द रिफलेक्सन्स अफ हिज होलिनेस द दलाई लामा 'का लागि यो पुरस्कार प्राप्त गरेका हुनू। लामालाई सर्वश्रेष्ठ अडियो पुस्तक, कथा र कथा कथन रेकर्डिग ' विधामा उक्त पुरस्कार प्रदान गरिएको हो। यो दलाई लामाले आफ्लो जीवनमा पाएको पहिलो ग्रामी अवार्ड हो। सामान्यतया संगीत उध्योगका हस्तीहरूलाई दिइने यो अवार्ड रेकर्डिङ एकेडेमीले वार्षिक रूपमा आयोजना गर्दै आएको हो। पुरस्कृत अडियो एल्बममा तिब्बती बौद्ध गुरूका शान्ति, करूणा र आन्तरिक शक्ति समब्न्धी विचारहरूको संग्रह छ। यसमा मानिसहरूलाई दु:ख –चिन्ताबाट माथि उठने मार्ग देखाउँदै विश्वभर सद्भाव र कल्याणको सन्देश प्रवाह गर्ने लक्ष्य रहेको छ भने एल्बममा संगीतका साथै ध्यान र आध्यात्मिक चिन्तनहरूलाई पनि समेटिएको छ।

भारतको धर्मशालामा निर्वासनमा रहेका नोबेल शान्ति पुरस्कर विजेता दलाई लामाले सामाजिक संजाल मार्फत यो सम्मानलाई कृतज्ञता र विनम्रताका साथ स्वीकार गरको बताउनु भएको छ। सन् १९२५ को ६ जुलाईका दिन तिब्बतको एउटा सानो गाउँमा जन्मिएको दलाई लामाको शिक्षा र विचारलाई भारतमा मात्र नभई विश्वभर सम्मान गरिन्छ। हलिउडका प्रसिद्ध अभिनेता रिचर्ड गेर लगायत धेरै अर्न्तराष्ट्रिय हस्ती उनका अनुयायी र विचारबाट प्रभावित भई उहाँलाई सर्वोच्च गुरूको रूपमा ग्रहण गरेका छन्।

**सिलगढ़ी-नामकरण**

सिलगड़ी नगर निगमको पहलमा शहरका दुइ क्षेत्रको नयाँ नामकरण आज गरिएको छ। सिलगड़ी गर्ल्स हाई स्कूल नजिक सड़कको नाम विद्यालयका पूर्व विशिष्ट शिक्षिका अमिया सेनगुप्ताको स्मृतिमा राखिएको छ। नयाँ नामकरण अनुसार अब यो सड़क अमिया सेनगुप्ता सरणीको नामले जानिनेछ। यस्तै प्रकारले कोर्ट मोड़देखि सिलगड़ी नगर निगम भवन नजिक अनि वरिपरिका केही क्षेत्रहरुलाई मिलाएर एउटा नयाँ क्षेत्रको नामकरण "कॉरपोरेशन पाड़ा" गरिएको छ। नगर निगम सूत्र अनुसार, शहर का प्रशासनिक अनि नागरिक ढांचासित जुड़ेका यस क्षेत्रलाई एक अलग पहिचान दिने उद्देश्य ले यो निर्णय लिइएको हो। आज सिलगड़ी नगर निगममा आयोजित एक कार्यक्रम को अवधि सिलगड़ीका मेयर गौतम देवले औपचारिक रूपले यस नामकरणको शुभ शिलान्यास गर्नुभएको

खबर प्राप्त भएको छ। यस अवसरमा मेयर परिषदका सदस्य, संबंधित वार्ड का पार्षद, नगर निगम का अधिकारी अनि अन्य प्रतिनिधि उपस्थित रहेको बताइएको छ। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मेयर गौतम देवले शहरको इतिहास, शिक्षा अनि विकाससित जुड़ेका विशिष्ट व्यक्तित्वहरुको स्मृतिमा यस प्रकारको नामकरण, आउने पीढ़िहरुकालागि प्रेरणा बन्ने बताउनुभयो। साथै शहरका विभिन्न भागहरुलाई योजनाबद्ध तरीकाले पहिचान देना पनि यस पहलको एक प्रमुख उद्देश्य रहेको मेयर गौतम देवले बताउनुभएको छ।

**इबरा**

इन्द्रबहादुर राई (इबरा) साहित्य प्रतिष्ठानको पाँचौं स्थापना दिवस तथा ९३औँ इन्द्रबहादुर राई जन्म जयन्तीको अवसरमा दोस्रो इबरा साहित्यिक पुरस्कार वितरण समारोह – २०२६ आज मिरिकमा सम्पन्न भएको छ। नोलडाडा सार्वजनिक भवन, मिरिकमा आयोजित यस समारोहमा मिरिकका साहित्यकार गणेश बराइलीलाई दोस्रो इबरा साहित्यिक पुरस्कार प्रदान गरिएको छ। उहाँको साहित्यिक योगदानको कदर गर्दै प्रतिष्ठानले यो सम्मान प्रदान गरेको आयोजकले जनाएको छ। कार्यक्रममा साहित्य, भाषा र इतिहासप्रति इन्द्रबहादुर राईले दिएको योगदानको स्मरण गर्दै "हामीले आफ्ना भूगोल र इतिहास कहिल्यै भुल्नु हुँदैन" भन्ने सन्देश पनि प्रस्तुत गरियो। कार्यक्रमको आयोजना इबरा साहित्य प्रतिष्ठान, तराई–मिरिकद्वारा गरिएको थियो भने नोलडाडा नागरिक समाज एवं स्वनिर्भर दुल्लह सह–आयोजकका रूपमा रहेका थिए।

**डब्लूबीसीएस**

तीनधारे महानदी समष्टिको घैयाबारी ग्राम पञ्चायत तीनको सिलिम हिल निवासी सौरभ सुब्बाले डब्ल्युबीसीएस परीक्षा ए ग्रेडमा उत्तीर्ण गरेर आफ्नो परिवार साथै गाउँ समाज र पहाडलाई नै गौरवान्वित बनाएकोमा स्थानीय गाउँबासीद्वारा सम्मान जनाइएको छ। सिलिम हिलको जोर चिलाउने निवासी पिता अशोक सुब्बा र माता सुमित्र प्रधान सुब्बाको सुपुत्र सौरभ सुब्बाले डब्ल्युबीसीएस परीक्षा ए ग्रेडमा उत्तीर्ण गरेर गाउँलाई गौरवान्वित बनाएकोमा सिलिम हिलका सचेत युवाहरुको आयोजनामा सौरभ सुब्बालाई सम्मान जनाएका छन्। यस अवसरलाई सौरभ सुब्बालाई सचेत युवाहरुको टोली साथै स्थानीय गाउँबासीहरु उपस्थित भएर सम्मान जनाइएको छ। यस अवसरमा उनलाई खदार्पणसहित फूल गुच्छा प्रदान गर्दै टोपी पहिराएर साथै सम्मान पत्र प्रदान गरेर सम्मान जनाइएको छ। यस सम्मान कार्यक्रममा सौरभ सुब्बाले आफुलाई गाउँमा यसरी सम्मान जनाइएकोमा गाउँवासीलाई धन्यवाद दिएका छन्। उल्लेखनीय छ सौरभ सुब्बाले डब्ल्युबीसीएस परीक्षा ए ग्रेड रेभेन्युमा उत्तीर्ण गरेका छन्। अब उनी सहायक कमिन्शनर अफ् रेभिन्यु हुने बताइएको छ।

**ज्ञान- इन्टरलोक्युटर**

गोर्खा युथ एक्टिभिष्ट नेटवर्क (ज्ञान) का प्रमुख संयोजक अधिवक्ता बिरेन्द्र रसाईलीले केन्द्र सरकार द्वारा नियुक्ति गरिएका इन्टरलोक्युटरबारे गृह मामला मन्त्रालयका सचिवलाई पत्रचार गरेका छन्। पत्रमा इन्टरलोक्युटरद्वारा गत 24 जनवरीको दिन दार्जिलिङमा तथा गत 27 जनवरीको दिन कालेबुङमा केही हितधारक, राजनैतिक दल तथा सामाजिक सङ्गठनहरूसित भेटघाट गरिएको विषयलाई जानकारी गराउँदै भेटवार्ताबारे स्पष्ट रूपमा अभिलेखमा राखिनुपर्ने तथा यी बैठकहरू अघि कुनैपनि औपचारिक लिखित सूचना, सरकारी अधिसूचना एवं सार्वजनिक सूचना जारी नगरिएको बताइएको छ। यसको साथै हालसम्म कुनै सक्षम निकायले इन्टरलोक्युटरको आधिकारिक लेटरहेड, सूचित कार्यालय, हुलाक ठेगाना, इमेल ठेगाना अथवा आधिकारिक सम्पर्क माध्यम सार्वजनिक नगरेको पनि पत्रमा उल्लेख गरिएको छ। ज्ञानले पत्रमार्फत अगावै पनि इन्टरलोक्युटरको नियुक्ति आदेश, कार्यादेश तथा भौगोलिक कार्यक्षेत्र सम्बन्धी प्रमाणित प्रतिलिपि उपलब्ध गराइदिन औपचारिक रूपमा माग गरिएको तर यति लामो समय बितिसक्दा पनि कुनै निकायबाट लिखित जवाफ, स्पष्टिकरण अथवा प्रमाणित दस्तावेज प्राप्त नभएको उल्लेख गरेको छ। इन्टरलोक्युटरको नियुक्ति कुन संवैधानिक, वैधानिक तथा कार्यकारी प्रावधान अन्तर्गत गरिएको हो, इन्टरलोक्युटरको भूमिका, अधिकार तथा कार्यसम्बन्धी आधिकारिक रूपमा स्वीकृत कार्यादेश के कस्ता छन् लगायत यस सम्बन्धमा धेरै प्रश्न एवं जिज्ञासाहरू ज्ञानले पत्रमार्फत राखेको पनि बताइएको छ।

**चौरस्ता-मक ड्रिल**

सेकेन्ड बटालियन एनडीआरएफ कलकत्ता सर्कल, विपद् व्यवस्थापन विभाग दार्जिलिङ, एनसीसी, अग्नि नियन्त्रण विभाग, नागरिक रक्षा र स्कूल जाने विद्यार्थीहरूको सामूहिक पहलमा आज दार्जीलिङ्ग शहरको चौरस्तामा मक एक्सरसाइज अर्थात ड्रिल प्रदर्शन गरिएको छ। यस प्रकारको नियमित तालिकाबद्ध मक एक्सरसाइज गर्नुको मुख्य उद्देश्य हाम्रो पहाडी क्षेत्रमा कुनै पनि समयमा आउन सक्ने भूकम्पीय आपतकालीन अवस्थाहरूको बारेमा जागरूकता फैलाउन रहेको एनडीआरएफका अधिकारीहरूले जानकारी गराएका छन्। दार्जिलिङ उपविभाग आपद व्यवस्थापन विभागले कार्यक्रमको लागि सबै सहभागीहरू र एनडीआरएफ टोलीलाई धन्यवाद दिएको छ।

## सिलगढ़ी-हाकर

न्यू जलपाइगड़ी स्टेशन तथा रेलवे परिसर क्षेत्रमा ससाना व्यवसाय गर्ने हाकरहरुविरुद्ध भइरहेको रेलवेको कार्यवाहीको विरोधमा हाकरहरुले आन्दोलन शुरु गरेको छ। दिन-प्रतिदिनको रोज़ी-रोटीकोलागि रेलवे परिसर तथा स्टेशन क्षेत्रमा ससाना व्यवसाय गर्ने हाकरहरुमाथि रेलवे विभागको कड़ा कार्यवाही भइरहेको छ। स्टेशन तथा रेलवे परिसरमा खाद्य सामग्री बिक्री गरेको पाइएको खण्डमा १ हजार रुपियाँ भन्दा अधिकको जरिमाना लगाइनको कारण न्यू जलपाईगुड़ी स्टेशनका हाकरहरुलाई धेरै समस्या भइरहेको बताइएको छ।

**रेलवेको यस कथित दमनकारी नीति विरुद्ध अब हॉकरहरुले आंदोलन गर्ने भएको छ। आफ्नो व्यापारको सामान साथमा लिएर आज हॉकरहरुले रेलवे अधिकारीहरुको कार्यालय अघि धरना प्रदर्शन गरेको खबर प्राप्त भएको छ। प्रदर्शन पछि रेलवे एडीआरएमलाई एक ज्ञापन पनि सुम्पिएको बताइएको छ। यस आंदोलनलाई समर्थन दिँदै इंडियन नेशनल तृणमूल ट्रेड यूनियन कांग्रेस (आईएनटीटीयूसी) एनजेपी शाखाले हॉकरहरु माथि कार्यवाही बन्द नभए रेलवे व्यवस्थालाई ठप्प पार्न विवश हुने बताएको पनि खबर प्राप्त भएको छ।**

## सिलगढ़ी-अनियमितता

मुख्यमंत्री ममता ब्यानर्जीको महत्वाकांक्षी “आमादेर पाड़ा, आमादेर समाधान” परियोजनामा भ्रष्टाचारको आरोप अघि आएको छ। सिलगड़ी महकुमाको खोरीबाड़ीको बूड़ागंज ग्राम पंचायत अंतर्गत कौरिजोत क्षेत्रमा बनिरहेको नयाँ सड़कलाई लिएर स्थानीय मानिसहरुले आज गंभीर अनियमितताहरुको आरोप लगाउँदै हंगामा गरेको खबर प्राप्त भएको छ। स्थानीय ग्रामीणहरुले 300 मीटर लामो पक्का सड़कको निर्माण हुने तय भएको तर ३०० मिटर लामो सड़क निर्माण नभएको आरोप लगाएका छन्। प्रशासनले हाल सम्म औपचारिक शिकायत प्राप्त नभएको यद्धपी मामलाको जानकारी ब्लॉक प्रशासनलाई दिइने आश्वासन दिएको छ।

## भवन उद्घाटन

रंगबुल धोतरिया रंगमुक समष्टि अन्तर्गत मुण्डाकोठी ग्राम पञ्चायतको नवनिर्मित कार्यालय भवनको उदघाटन गरिएको छ। यस नवनिर्मित भवनको उदघाटन गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको उप-सभापति राजेस चौहान र मुण्डाकोठी ग्राम पञ्चायतको पञ्चायत प्रधान सरस्वती सुब्बा तामाङको बाहुलीबाट उदघाटन गरिएको छ। यो पञ्चायत भवन उदघाटनसाथै रंगबुल धोतरिया रंगमुक समष्टिभित्र रहेको तीनवटा ग्राम पञ्चायतको पञ्चायत कार्यालय निर्माण गरिएपछि उदघाटन पनि गरिएको छ।

****** ० ******